मिति : २०८१/१२/२७

**जरुरी परिपत्र**

कमरेडहरु,

**'सुशासन र रोजगारी, समाजवादको तयारी'** भन्ने नाराका साथ हामीले पहिलो चरणको आन्दोलन चैत्र १ गते पत्रकार सम्मेलनबाट घोषणा गरिसकेका छौँ । यसैबिच चैत्र १५ गते काठमाण्डौमा आयोजित समाजवादी मोर्चा, नेपालको कार्यक्रम, त्यसै दिन हाम्रो पार्टी कार्यालयमा तथाकथित राजावादीहरुले गरेको आगजनी र तोडफोड र कैयन् जिल्ला/प्रदेश अधिवेशनलगायत कारणहरुले पत्रकार सम्मेलनमा घोषणा गरिएको कार्यतालिकामा केही संशोधन गर्नु आवश्यक हुन गयो । आन्दोलनकै क्रममा हामीले पार्टीको वैचारिक तथा साङ्गठानिक विस्तार गर्दै अगाडि बढ्ने सङ्कल्प गरिसकेका छौँ । यो एउटा लामो प्रक्रिया हो । सम्पूर्ण पार्टीलाई त्यसतर्फ अगाडि बढाउने क्रममा कतिपय नयाँ समस्याहरु आउनु र कतिपय अन्योलहरु देखा पर्नु स्वाभाविक हुन्छ । त्यस अवस्थामा हामीले हाम्रा कार्यक्रमलाई पुनर्संयोजन गर्दै अगाडि बढ्नु पर्ने हुन्छ । हालको अवस्थालाई ख्याल गर्दै हाम्रो कार्यतालिका निम्नानुसार संशोधन गरिएको छ । आआफ्नो कार्यक्षेत्रमा कार्यान्वयनका लागि सबै कमरेडहरुलाई हार्दिक आह्वान गरिन्छ ।

घनश्याम भूसाल
महासचिव
संयोजक
केन्द्रीय आन्दोलन संयोजन कमिटी

**<u>कार्यतालिका</u>**

चैत्र १ गते पत्रकार सम्मेलन गर्ने

पत्रकार सम्मेलनमा मुलुकको अर्थराजनीतिक सङ्कट र त्यसको समाधान सम्बन्धी हाम्रो अभियानबारे धारणा राख्ने र त्यसबारे सार्वजनिकरुपमा सुझावहरु आह्वान गर्ने ( यो कार्यक्रम सम्पन्न भैसकेको छ ) ।

चैत्र २-७ सम्म प्रदेशका आधारमा जिल्ला कमिटीहरुको संयुक्त भर्चुअल बैठक गर्ने (यो कार्यक्रम सम्पन्न भैसकेको छ )।

२०८२ बैशाख १० गते संघीय सरकारमा मागपत्र पेश गर्ने ।

२०८२ बैशाख १४ गते प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित प्रदेश र जिल्लाका मागपत्र बुझाउने ।

बैशाख २२ र २३ गते पालिका र वडा कार्यालयहरुमा सम्बन्धित पालिका र वडाका मागपत्र बुझाउने ।

बैशाख २५ गते दोश्रो चरणको कार्यक्रम घोषणा

- प्रदेश, जिल्ला र पालिका तथा वडास्तरमा पेश गरिने मागपत्रमा सम्बन्धित प्रदेश, जिल्ला, पालिका तथा वडाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि आवश्यक पर्ने मुख्य मागहरु उल्लेख गर्नु पर्ने छ ।
- प्रदेश सरकारमा पेश गर्ने मागपत्रमा प्रदेशस्तरका रुपान्तरणकारी योजनाहरु सामेल गर्नु पर्ने छ जसले त्यस प्रदेशमा रोजगारी र सुशासनलाई ग्यारण्टी गर्न योगदान गर्नेछन् ।
- जिल्ला प्रशासन कार्यालयमा पेश गरिने मागपत्रमा त्यस जिल्लाको नागरिक सुरक्षा, विभेदका विषयहरु, प्राकृतिक श्रोतसाधनको सुरक्षा तथा सुशासनका विषयहरु समावेश गर्नु पर्ने छ ।
- वडाका अगुवा व्यक्तिहरु (निर्वाचित प्रतिनिधि, शिक्षक, सामाजिक अभियन्ता, खेलाडी, कवि/कलाकार, उद्योगी-व्यापारी, विभिन्न संघ-संस्थासँग सम्बन्धित व्यक्तिहरु आदि) सँग समस्या तथा सुझाव सङ्कलन गर्नु पर्नेछ । यस्तो कार्यक्रमले एकातिर हाम्रो मागपत्रलाई अझै बढी समृद्ध बनाउने छ भने अर्कोतिर हाम्रो आन्दोलनबारे धेरै जनालाई सुसूचित हुने अवसर दिनेछ । समस्या संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु :
- सम्बन्धित प्रदेश/जिल्ला/पालिकामा बहुसङ्ख्यक जनताले भोगीरहेका मुख्य समस्याहरु,
- विभिन्न समुदाय र वर्गका मुख्य समस्याहरु,
- त्यस प्रदेश/जिल्ला/पालिकाको विकासका लागि आवश्यक मुद्दाहरु,
- जनतामाथि विभेद र शोषणका रुपहरु,
- त्यस प्रदेश/जिल्ला/पालिकाले गरेका गलत निर्णयहरु,
- स्थानीय भ्रष्टाचारका रुपहरु, आदि ।